## संघीय संसद

संघीय संसद मुलुकको सर्वोच्च जनप्रतिनिधिमुलक संस्था हो।यो नागरिकको सर्वभौमसत्ताको प्रयोग गर्ने मूल थलो हो। यसमा नागरिकबाट वा नागरिकका प्रतिनिधिबाट निश्चित अवधिका लागि सदस्यहरु चुनिने गर्दछन्। नेपालको संविधानले संघीय संसदका रुपमा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको छ। संविधानको धारा ८३ बमोजिम संघीय संसदको तल्लो सदन प्रतिनिधि सभा र माथिल्लो सदन राष्ट्रिय सभाका रुपमा रहेको छ। संसदका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन् :

- कानून निर्माण गर्ने,
- सरकार गठन गर्ने,
- सरकारको नीति तथा कार्यक्रममाथि छलफल र पारित गर्ने,
- संविधान संशोधन तथा जनमत संग्रह सम्बन्धी निर्णय गर्ने,
- बजेट माथि छलफल एवं पारित गर्ने,
- सरकारका नियमित काम कारवाहीको निगरानी राख्ने,
- सरकारलाई आवश्यक निर्देशन तथा सुझाव प्रदान गर्ने,
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गर्ने, र
- सरकारलाई नागरिक प्रति उत्तदायी बनाउने।

## प्रतिनिधि सभा

संघीय संसदको तल्लो सदन प्रतिनिधि सभामा १८ वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकको मतद्वारा प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत १६५ जना (कूल सदस्य संख्याको ६०%) र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना (कूल सदस्य संख्याको ४०%) गरी जम्मा २७५ जना सदस्य निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यस सभाको कार्यकाल ५ वर्ष रहेको छ।

मिति २०७४ मंसिर १० र २१ गते सम्पन्न भएको प्रतिनिधि सभाको निर्वाचन र सो पश्चात् संसदमा प्रतिनिधित्व गर्ने दलहरुबीच भएको एकिकरणबाट सभामा हाल कायम भएको दलीय संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | दलको नाम | सदस्य संख्या | | कूल जम्मा |
|---|---|---|---|---|
| | | प्रत्यक्ष | समानुपातिक | |
| १ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ११६ | ५८ | १७४ |
| २ | नेपाली कांग्रेस | २३ | ४० | ६३ |
| ३ | जनता समाजवादी पार्टी, नेपाल | २२ | १२ | ३४ |
| ४ | नेपाल मजदुर किसान पार्टी | १ | - | १ |
| ५ | राष्ट्रिय जनमोर्चा | १ | - | १ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | - | १ |
| ७ | स्वतन्त्र | १ | - | १ |
| | जम्मा | १६५ | ११० | २७५ |

## राष्ट्रिय सभा

संविधानको धारा ८६ बमोजिम गठित संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभा एक स्थायी सदन हो। यस सभामा मतको भार फरक रहने गरी प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना गरी जम्मा ५९ जना सदस्य रहने संवैधानिक व्यवस्था छ। यस सभाका सदस्यहरुको कार्यकाल ६ वर्ष रहेको छ भने एक तिहाई सदस्यहरुको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने व्यवस्था रहेको छ। संवैधानिक व्यवस्था अनुरुप मिति २०७४ माघ २४ गते भएको राष्ट्रिय सभाको निर्वाचन र सभाको दुई वर्षे अवधि समाप्त भए पछि रिक्त हुन आएका सदस्यको स्थानका लागि मिति २०७६ मंसिर १४ गते भएको निर्वाचन तथा संसदमा प्रतिनिधित्व गर्ने दलहरुवीच भएको एकिकरण पश्चात् सभामा हाल कायम भएको दलीय संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | दलको नाम | सदस्य संख्या |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ४७ |
| २ | नेपाली कांग्रेस | ६ |
| ३ | जनता समाजवादी पार्टी, नेपाल | ३ |
| ४ | मनोनीत | ३ |
| | जम्मा | ५९ |

## सदस्यका लागि योग्यता

संविधानको धारा ८७ बमोजिम संघीय संसदको सदस्य हुन चाहिने योग्यता :

- नेपालको नागरिक हुनुपर्ने,
- प्रतिनिधि सभाका लागि पच्चीस (२५) वर्ष र राष्ट्रिय सभाका लागि पैंतीस (३५) वर्ष उमेर पूरा भएको,
- नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
- कुनै संघीय कानूनले अयोग्य नभएको र
- कुनै लाभको पदमा बहाल नरहेको।

## सदस्यको स्थान रिक्त हुने अवस्था

संविधानको धारा ८९ बमोजिम संघीय संसदको सदस्यको स्थान रिक्त हुने अवस्था :

- सभामुख वा अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,
- संविधानको धारा ८७ बमोजिमको योग्यता नभएमा वा नरहेमा,
- प्रतिनिधि सभाको कार्यकाल वा राष्ट्रिय सभा सदस्यको पदावधि समाप्त भएमा,
- सम्बन्धित सदनलाई सूचना नदिई लगातार दशवटा बैठकमा अनुपस्थित रहेमा,
- जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा र
- मृत्यु भएमा।

## प्रतिनिधि सभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था

संविधानको धारा ९१ र ९२ मा क्रमशः प्रतिनिधि सभाका सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी रहेको व्यवस्था :

- दुवै सभाको पहिलो बैठक बसेको मितिले १५ दिनभित्र आफु मध्येबाट सभामुख, अध्यक्ष, उपसभामुख र उपाध्यक्षको निर्वाचन गर्नुपर्ने,
- निर्वाचन गर्दा दुवै सभामा सभामुख र उपसभामुख तथा अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्ने र प्रतिनिधि सभाको हकमा फरक दलको समेत हुनुपर्ने,
- प्रतिनिधि सभामा सभामुखको अनुपस्थितिमा उपसभामुखले र राष्ट्रिय सभामा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले सभाको अध्यक्षता गर्ने र
- प्रतिनिधि सभामा सभामुख र उपसभामुख र राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्षको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा दुवै सभाको अध्यक्षता उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने।

हाल प्रतिनिधि सभाको सम्माननीय सभामुख पदमा श्री अग्निप्रसाद सापकोटा हुनुहुन्छ। त्यसै गरी राष्ट्रिय सभाको सम्माननीय अध्यक्ष पदमा श्री गणेश प्रसाद तिमिल्सिना र माननीय उपाध्यक्ष पदमा श्री शशिकला दाहाल हुनुहुन्छ।

## अधिवेशनको आव्हान

संविधानको धारा ९३ मा राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसदको अधिवेशन आव्हान गर्ने र त्यसपछि संविधान बमोजिम राष्ट्रपतिले समय समयमा दुवै वा कुनै सदनको अधिवेशन आव्हान गर्ने व्यवस्था रहेको छ। तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुनु हुँदैन।

## संघीय संसदका समिति

संविधानको धारा ९७ बमोजिम प्रतिनिधि सभा र राष्ट्रिय सभाले समिति गठन गर्न सक्छन्।

**प्रतिनिधि सभाका समिति**

१. अर्थ समिति,
२. अन्तर्राष्ट्रिय सम्बन्ध समिति,

३. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति,
४. कानून, न्याय तथा मानव अधिकार समिति,
५. कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति,
६. महिला तथा सामाजिक समिति,
७. राज्य व्यवस्था तथा सुशासन समिति,
८. विकास तथा प्रविधि समिति,
९. शिक्षा तथा स्वास्थ्य समिति र
१०. सार्वजनिक लेखा समिति।

**राष्ट्रिय सभाका समिति**

१. दिगो विकास तथा सुशासन समिति,
२. विधायन व्यवस्थापन समिति,
३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति,
४. राष्ट्रिय सरोकार तथा समन्वय समिति।

**संयुक्त समिति**

१. संसदीय सुनुवाई समिति र
२. राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति।

## तथ्याङ्कमा संघीय संसद

### लैङ्गिक प्रतिनिधित्व

**प्रतिनिधि सभा**




**राष्ट्रिय सभा**




*स्रोतः निर्वाचन आयोगको विवरणमा आधारित*

### समानुपातिक निर्वाचन प्रणाली मार्फत प्रतिनिधि सभामा रहेको समूहगत प्रतिनिधित्व




*स्रोतः निर्वाचन आयोगको विवरणमा आधारित*

### राष्ट्रिय सभामा समूहगत प्रतिनिधित्व




*स्रोतः निर्वाचन आयोगको विवरणमा आधारित*

### प्रतिनिधि सभामा शैक्षिक स्थिति




*स्रोतः सांसद सुविधा व्यवस्थापन शाखा*

### राष्ट्रिय सभामा शैक्षिक स्थिति




*स्रोतः सांसद सुविधा व्यवस्थापन शाखा*

*अद्यावधिकः २०७७ कात्तिक*

संघीय संसद नेपाल

# संघीय संसद

## संक्षिप्त परिचय
## २०७७




**संघीय संसद सचिवालय**
**संसदीय अध्ययन तथा अनुसन्धान शाखा**
**सिंहदरबार, काठमाडौं**